# स्थानीय राजपत्र


तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग २, संख्या ३, मिति २०८१ भदौ ०७ गते


**भाग-१**

**तिनाउ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयपाल्पा ,दोभान ,**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा )३बमोजिम तिनाउ ( गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन कार्यबिधी, २०८१

**प्रस्तावनाः**

तिनाउ गाउँपालिकामा छरिएर रहेका अधिकाम्श कृषकहरुको कृषि उत्पादनलाई एकिकृत गरि उनिहरुलाई सहजै बजार पहुँच पुर्याउन र यसमा सम्लग्न कृषक,उपभोक्ता सबैलाई स्वस्थ प्रतिस्पर्धात्मक रुपमा लाभान्वित गर्न व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको बिकास तथा व्यवस्थापन गर्न बाञ्छानीय भएकोले तिनाउ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि तिनाउ गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यबिधिको नाम “कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन कार्यबिधी, २०८१” रहेको छ।

ख) यो कार्यबिधि कार्यपालिकाको बैठकबाट अनुमोदन भई स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

### २. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “कार्यबिधी” भन्नाले दफा १ (क) को “कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन कार्यबिधी, २०८१” सम्झनु पर्छ ।

ख) “संस्था” भन्नाले यस कार्यबिधी अनुसार गाउँपालिका दर्ता भएको “तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र” लाई सम्झनु पर्दछ ।

ग) “कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालक समिति” भन्नाले यस कार्यविधि अनुसार पालिका स्तरमा स्थापना भई “कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन” का लागी दफा ३ बमोजिम गठन भई गाउँपालिकामा दर्ता भएको समिति सम्झनु पर्छ ।

घ) “सञ्चालक समिति“ भन्नाले कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालक समितिलाई जनाउने छ।

ङ) “कृषि उपज संकलन तथा बिक्री केन्द्र” वा “संकलन तथा बिक्री केन्द्र” भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरिद वा संकलन गरि उपभोक्तालाई सोझै वा व्यापारी वा व्यावसायिक प्रतिष्ठानहरुलाई बेचबिखन गर्ने उद्देश्यले संचालित स्थल सम्झनु पर्छ ।

च) “कृषि उपज” भन्नाले कृषि तथा पशुपालन क्षेत्रबाट उत्पादित फलफुल,तरकारी,खाद्यान्न,तेल,दलहन मसलाबाली,पुष्प,च्याउ,मह,माछा,मासु,अण्डा दुग्ध जस्ता ताजा तथा नासवान बस्तु जिवित पशुपंक्षीहरु र पशुपंक्षीजन्य उत्पादन लगायत समितिले समय समयमा तोकेको अन्य खाद्य बस्तुहरु र कृषि तथा पशुपंक्षी उत्पादन सामाग्री समेत सम्झनु पर्दछ ।

छ) “कृषक” भन्नाले यस बजारमा सहभागी कृषकहरु सम्झनु पर्दछ ।

ज) “कृषक समुह” भन्नाले कृषकहरुको समुहलाई सम्झनु पर्दछ ।

झ) “सहकारी” भन्नाले कृषकहरुको सहकारीलाई सम्झनु पर्दछ ।

ञ) “फर्म” भन्नाले नियमानुसार दर्ता भएका कृषि तथा पशुपंक्षी फर्म समुझनु पर्दछ ।

तिनाउ गाउँपालिका

ट) "कोष" भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान समेत सम्झनु पर्दछ ।

ठ) "कृषि शाखा" भन्नाले तिनाउ गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतको कृषि शाखा लाई सम्झनु पर्दछ ।

ड) "पशु सेवा शाखा" भन्नाले तिनाउ गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतको पशु सेवा शाखा लाई सम्झनु पर्दछ ।

ढ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

ण) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्दछ ।

त) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष समेतलाई जनाउने छ ।

थ) "बजार व्यवस्थापक" भन्नाले निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक वा व्यवस्थापकको जिम्मेवारी तोकिएको सदस्य सचिव सम्झनु पर्दछ ।

द) "सेवा शुल्क" भन्नाले बजारमा उपलब्ध गराईएको सेवा सुबिधा समितिलाई प्राप्त हुने इजाजत शुल्क प्रबेश शुल्क स्थान तथा निर्मित संरचना उपलब्ध गराए वापतको भाडा वा सेवा शुल्क सम्झनु पर्दछ।

ध) "सम्झौता" भन्नाले कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालनका लागी गठन गरिएको बिकास समिति, सहकारी वा बजार समिति र अन्य निकायहरु बिच गरिने सम्झौता सम्झनु पर्दछ ।

न) "थोक" भन्नाले पुनः बिक्री बितरण हुने गरी पाँच किलो वा सो भन्दा बढि परिमाणलाई सम्झनु पर्दछ।

ऩ) "खुद्रा" भन्नाले उपभोक्ताहरुको लागी फुटकर रुपमा खरिद बिक्री गर्ने परिमाणलाई सम्झनु पर्दछ ।

तिनाउ गाउँपालिका

## परिच्छेद-२

## समितिको गठन,काम कर्तब्य र अधिकार

**३. कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालक समितिको गठन एंव पदावधीः**

क) कृषि उपज संकलन तथा बिक्री सञ्चालन एंव व्यवस्थापन गर्न गाउँपालिका अध्यक्ष संरक्षक रहने गरि देहाय बमोजिम "सञ्चालक समिति" गठन हुनेछ ।

| क स | पद | संख्या | छनोट बिधी |
|---|---|---|---|
| १ | अध्यक्ष | १ | कृषक समुह,कृषि सहकारी र ब्यक्तिगत फर्मबाट प्रतिनिधीका रुपमा आएका सदस्य मध्ये बाट प्रजातान्त्रिक बिधिबाट अध्यक्षको छनोट हुनेछ । |
| २ | उपाध्यक्ष | १ | कृषक समुह, कृषि सहकारी र ब्यक्तिगत फर्मबाट प्रतिनिधीका रुपमा आएका सदस्य मध्ये बाट प्रजातान्त्रिक बिधिबाट उपाध्यक्षको छनोट हुनेछ । |
| ३ | सदस्य | ११ | कृषक समुह, कृषि सहकारी र ब्यक्तिगत फर्मबाट प्रतिनिधीका रुपमा आएका सदस्य मध्ये बाट अनिबार्य रुपमा ५ जना महिला सहित प्रजातान्त्रिक बिधिबाट सदस्यहरुको छनोट हुनेछ ।जसमा एक वडाबाट १ जना अनिवार्य सदस्य रहने व्यवस्था हुनु पर्नेछ। |
| ४ | पदेन सदस्य | १ | आर्थिक बिकास समिति संयोजक । (मताधिकार रहने छैन) |
| ५ | पदेन सदस्य | १ | कृषि शाखा प्रमुख तथा निजले तोकेको व्यक्ति । (मताधिकार रहने छैन) |
| ६ | पदेन सदस्य | १ | पशुपंक्षी शाखा प्रमुख तथा निजले तोकेको व्यक्ति । (मताधिकार रहने छैन) |

क) साधारण सभाले व्यवस्थापकलाई सदस्य सचिबको जिम्मेवारी तोक्नेछ । उक्त सचिबको मताधिकार रहने छैन ।

ख) कृषक समुहको हकमा १ महिला सहित २ जना र सहकारीको हकमा १ महिला सहित ३ जना प्रतिनिधि आधिकारिक रुषमा छनोट गरी निर्णय सहित पठाउनु पर्नेछ भने निजि फर्मको हकमा सञ्चालक स्वयम हुनुपर्नेछ ।

ग) समिति गाउँपालिकाको समग्र कृषि बिकास अवधारणा अनुसार कार्य गर्ने सर्तमा गाउँपालिकामा दर्ता हुनु पर्नेछ ।

घ) समितिको पदावधि ३ बर्षको हुनेछ ।

ङ) अनुसुचि-२ बमोजिमको समितिको विधान हुनेछ।

च) समितिको चयनको हकमा कृषक समुह, सहकारी र फर्म का प्रतिनिधिहरु मध्ये बाट प्रतिनिधिमुलक हिसाबले भुगोल र बजारमा कारोवारको प्रकृतिका आधारमा आम भेला मार्फत हुनेछ ।यस प्रक्रियालाई यथासम्भव सर्वसम्मत बनाउने प्रयास असफल भएमा प्रजातान्त्रिक तरिकाले निर्वाचन गराई समितिहरुको चयन गरिनेछ ।

छ) कुनै सदस्यको मृत्यु वा बसाईसराई वा राजिनामा वा कार्बाही वा अन्य कारणले पद रिक्त भएको अवस्थामा जुन प्रक्रियाबाट पदपुर्ति भएको हो सोही आधारमा बाँकी पदावधिका लागि पदपुर्ति गरिनेछ ।

ज) समितिको अध्यक्ष एकै व्यक्ति लगातार २ पदावधि भन्दा बढि निर्वाचित हुन सक्ने छैन तर सदस्यको हकमा यो नियम लागु हुने छैन ।

झ) समितिलाई आवश्यकता अनुसार सहयोग एंव सल्लाह दिनका लागि ३ सदस्य रहेको एक सल्लाहकार समिति चयन गर्न सकिनेछ ।

ञ) समितिले आफ्नै श्रोतबाट व्यवस्थापक (सदस्य सचिब) कर्मचारी नियुक्ति गर्नेछ । कर्मचारी नियुक्ति नभए सम्मका लागि बैकल्पिक व्यवस्था ( गाउँपालिका वा कृषि शाखा) बाट सहयोग लिन सक्नेछ।

**४. समितिका सदस्यको लागि आवश्यक योग्यता :**

यस संस्थाको सदस्यको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

क) नेपाली नागरिक भएको ।

ख) १८ वर्ष उमेर पुरा गरेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतनदेखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

च) तिनाउ गाउँपालिका भित्रको स्थायी बासिन्दा भई नियमानुसार दर्ता भएका कृषक समुह, सहकारीको प्रतिनिधिको रुपमा सम्बन्धित संस्थाले आधिकारिक निर्णय गरि पठाएको व्यक्ति र फर्म को हकमा स्वयम संचालक हुनु पर्नेछ ।

**५. समितिको काम कर्तब्य र अधिकार:**

**१) समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) संकलन केन्द्रको बिकास बिस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा व्यावसायिक कार्ययोजना तयार बनाई लागु गर्ने ।

ख) संकलन केन्द्रको संचालनका लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था, सेवा शर्त र सुबिधा यकिन गरी लागु गर्ने ।

ग) संघ,प्रदेश,स्थानिय तह लगाएत सहयोगी संस्था, दातृ निकायहरु सँगको समन्वय एवं सहकार्यमा बजार संचालन एवं स्तरोन्तिका योजनाहरु तर्जुमा गरि संचालन गर्ने ।

घ) कृषि बजारको सम्बन्धमा आवश्यक सुचनाहरु सर्वसाधारणको लागि सम्प्रेषण गर्ने ।

ङ) विभिन्न कृषि बजारहरुबाट कृषि उपजको बजार मुल्य जानकारी लिदै सम्बन्धित बजारमा उक्त दिनको बजारभाउ निर्धारण गर्ने ।

च) कृषि उपजहरुको ग्रेडिङ, प्याकेजिङ, लेवलिङ, प्रोसेसिङ, ब्राण्डिङ गरी आफ्नो छुट्टै लोगो र छाप सहित बजारमा पठाउने ।

छ) बजारको बिकास, बिस्तार एवं बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने ।

ज) कृषक समुह, सहकारी, फर्म एवं व्यापारी, उपभोक्ता लगाएत अन्य सम्बन्धित निकायलाई बजार सेवा सुबिधा उपलब्ध गराउने ।

झ) बजारको भौतिक संरचनाको संरक्षण गर्ने,मर्मत संभार गर्ने तथा प्रवर्द्धन गर्ने ।

ञ) बजार संचानल सम्बन्धी कुनै पनि समस्या उत्पन्न भएमा समितिले नै सो समस्याको समाधान गर्नेछ ।

ट) बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरि स्वस्थ बातावरण कायम गर्ने ।

ठ) समितिले बार्षिक कार्य योजना तयार गरि गाउँपालिकाबाट स्वीकृत गराई सोहि बजेट को परिधि भित्र रही खर्च गर्ने ।

ड) बजारको दिर्घकालीन बिकास र बिस्तार सम्बन्धी गुरु योजना तयार गरि कार्यान्वयन गर्ने ।

ढ) गुणस्तरहिन, अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने वा परिचय नखुलेका सामाग्री तथा उपज/ बस्तु खरिद-बिक्री गर्न नपाउने ब्यवस्था मिलाउने ।

ण) कृषि उपज उत्पादनका क्रममा प्रयोग हुने वा भएका बिषादी वा अन्य रसायनको अवशेष बजारमा ल्याएका उपजहरुमा छ छैन भनि परिक्षण गर्न बेलाबखतमा आवश्यकता अनुसार सम्बन्धित निकायहरुमा समन्वय गर्ने र सो को नतिजा अनुसार आवश्यक कार्य गर्ने ।

त) बजारमा कुनै पनि प्रकोपजन्य रोग तथा किरा लागेका र तिनको जिबित अवशेषले अन्य क्षेत्रमा थप प्रकोप हुनसक्ने कृषि उपजहरुलाई बिक्री बितरण गर्न नपाईने ब्यवस्था मिलाउने र बजारमा आइसकेका त्यस्ता बस्तुहरुको सुरक्षित व्यवस्थापन गर्ने ।

थ) पशुपंक्षी जन्य उपजहरुको हकमा रोगी पशुपंक्षी एवं तिनका उत्पादनहरु बिक्री बितरण गर्न नपाईने व्यवस्था मिलाउन र बजारमा आइसकेका त्यस्ता बस्तुहरुको सुरक्षित व्यवस्थापन गर्ने ।

द) यदि पशुपंक्षी बध गरि मासु बेच्ने भएमा उचित चिस्यान कायम गरी भण्डारण तथा ढुवानी गरेको मासु मात्र बिक्री बितरण गर्ने ।

ध) प्रमाणिक नापतौल प्रणाली (Standard weight and measuring system) तथा आधिकारिक निकायबाट प्रमाणित/स्वीकृत नाप तौल प्रयोगमा लगाउने ।

**२) संस्थाका पदाधिकारीहरुको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छन ।**

**१. अध्यक्षको काम कर्तव्य र अधिकारः**

क) संस्थाको प्रमुख व्यक्तिको रुपमा रही काम गर्ने ।

ख) समितिका नीति निर्णयहरुको कार्यान्वयनमा संस्थालाई नेतृत्व प्रदान गर्ने । संस्थाको विधान र नियमावलीको कार्यान्वयन गर्ने गराउने ।

ग) समितिको बैठकको अध्यक्षता गर्ने ।

घ) समितिको बैठकमा संस्थाको रणनीतिक कार्यनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

ङ) समितिको तर्फबाट साधारण सभामा संस्थाको रणनीतिक कार्यनीतिक प्रतिवेदन प्रस्तुत गर्ने।

च) आफूमा निहित अधिकार उपाध्यक्ष वा अन्य पदाधिकारीहरुमा प्रत्यायोजन गर्ने ।

छ) समितिको बैठक बोलाउन र बैठकको कार्य सूची तयार गर्न सचिवलाई निर्देशन गर्ने ।

ज) समितिले तोकेका अन्य कार्यहरु गर्न ।

**२. उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

ख) अध्यक्षले प्रत्यायोजित गरेका कामहरु गर्ने ।

ग) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**३. ब्यवस्थापक वा सचिवको काम कर्तव्य र अधिकारः**

क) साधारण सभाबाट पारित नीति निर्णयहरुको कार्यन्वयनका लागि अध्यक्षको परामर्श कार्ययोजना तयार गरी सचिवालय समिति र अन्य समन्वय समितिमा प्रस्तुत गर्ने ।

ख) सचिवालय सञ्चालन गर्ने ।

ग) अध्यक्षको निर्देशनमा समितिको वैठक वोलाउने र वैठकको कार्यसूची तयार गर्ने ।

घ) समितिको वैठकमा संगठानात्मक प्रतिवेदन पेश गर्ने ।

ङ) समितिको तर्फवाट साधारण सभामा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने ।

च) समितिले तोकेका कामहरु गर्ने

छ) संस्थाको कोषको रेखदेख, सञ्चालन गर्ने ।

ज) साधारण सभामा वार्षीक कार्यक्रम र बजेट पेश गर्ने ।

झ) लेखा दुरुस्त राख्ने ।

ञ) नियमीत रुपमा वार्षीक लेखा परिक्षण गराउने ।

**४. सदस्यहरुको काम कर्तव्य र अधिकारः**

क) सदस्यहरुको कामको बाँडफाँड समितिको बैठकले गर्ने छ ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) अध्यक्षले तोके अनुसार कार्य गर्ने ।

**६. कृषि उपजको बजारभाउ निर्धारण,बजारिकरण एवं सुचना प्रकाशनः**

क) संकलन केन्द्रमा आउने कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गर्न समितिको ब्यवस्थापकको सक्रियतामा ब्यापारी र कृषकहरु संगको समन्वयमा कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गरिनेछ ।यसरी मुल्य निर्धारण गर्दा आपसका बजारहरुमा चलन चल्तिको दरभाउलाई पनि आधार मानिने छ ।यसमा संकलन केन्द्रको निर्णय नै अन्तिम निर्णय हुनेछ।

ख) बिभिन्न ठुला बजार वा खरिद कर्ता ब्यापारीहरुसंग समन्वय गरि सम्बन्धित संकलन केन्द्रमा आएको कृषि उपजहरुको बजारिकरणका लागि आवश्यकता अनुसार ति ब्यापारीहरुसंग लिखित सम्झौता गर्ने।

ग) बजारमा नियमित रुपमा कृषि उपजहरु कृषक,समुह एवं सहकारीहरु एवं खरिद गर्ने व्यापारीहरुको कारोवार तथ्याङ्क सफ्टवेयरमा अध्यावधिक गरिनेछ । उक्त तथ्याङ्कको आधारमा गाउँपालिकाको निर्णयको आधारमा उत्पादनमा आधारित अनुदान बितरण गरिनेछ। साथै उत्कृष्ट कृषकलाई प्रोत्साहन एवं पुरस्कृत गरिनेछ।

घ) सफ्टवेयरको तथ्याङ्कको आधारमा गाउँपालिकाले दिने उत्पादनमा आधारित अनुदान रकम बर्षमा २ पटक (पहिलो किस्ता असोज महिनामा र दोस्रो किस्ता आसाढ महिनामा) बितरण गरिनेछ।

ङ) यसरी तय गरिएको बजारभाउ सर्वसाधारणको पहुचमा हुने गरि प्रकाशन गरिनेछ।

च) दरभाउ आवश्यकता अनुसार संसोधन गर्न सकिनेछ।

**७. समितिको बैठक एवं सहभागिताः**

क) दफा ३(क) मा गठित समितिको बैठक मासिक रुपमा तोकेको मिति र समयमा समितिको कार्यालयमा नियमित रुपमा बस्ने छ ।यसका अलावा आवश्यकता अनुसार कुनै पनि बेला बैठक बस्न सक्नेछ।

ख) समितिको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थिमा उपाध्यक्षले गर्नेछ।

ग) समिति र गाउँपालिकाको संयुक्त बैठकको हकमा गाउँपालिका अध्यक्षले अध्यक्षता गर्नेछ ।

घ) समितिको कुल सदस्य संख्याको कम्तीमा ५१% सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

ङ) उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ।यस प्रक्रियामा आमन्त्रित सदस्यको मताधिकार हुनेछैन ।

च) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिबले प्रमाणित गर्नेछ।

छ) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा बिदेशी संस्थाको प्रतिनिधि, बिषय बिशेषज्ञ वा सल्लाकारलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ज) समितिले आफ्नो कार्य संचालनमा सघाउ पुर्याउन समितिको कुनै सदस्यको संयोवकत्वमा उप-समिति गठन गर्न सक्नेछ र त्यस्ता उप-समितिको काम,कर्तव्य अधिकार समितिले निर्णय गरे बमोजिम हुनेछ।

**८. समितिको कार्यालयः** समितिको कार्यालय तिनाउ गाउँपालिका भित्र रहनेछ ।

## परिच्छेद-३

## दर्ता,नबिकरण एवं अनुगमन

### ९. समितिको दर्ता,नबिकरण एवं अनुगमन

क) सामान्यतया यस गाउँपालिकामा स्थापना हुने संकलन केन्द्र अनुसुचि-२ बमोजिमको विधान ३ प्रति तयार गरी अनुसुचि-१ बमोजिम गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

ख) उपदफा क) बमोजिम निवेदन प्राप्त भए पछि गाउँपालिकाले संघ/संस्था दर्ता ऐन अनुसार दर्ता गरि  अनुसुचि-३ बमोजिमको प्रमाण पत्र जारी गर्नुपर्नेछ।

ग) संकलन केन्द्रमा प्रयोग गरिने बिल बिजक एवं अन्य दस्ताबेजहरु समितिको नाममा जारी गर्नु पर्नेछ।

घ) सहकारी मार्फत संचालित संकलन केन्द्रको हकमा संचालक स्वयम सहकारी नै हुनेछ र यसको दायित्व  सबै सम्बन्धित सहकारीको नै हुनेछ। साथै प्रयोग गरिने बिल बिजक एवं अन्य दस्ताबेजहरु सहकारीको नाममा हुनेछ। यसरी स्थापना भएका संकलन केन्द्र तथा बिक्री केन्द्र गाउँपालिकामा ९० दिन भित्र दर्ता गर्नु पर्नेछ।

ङ) आवश्यकता अनुसार संकलन केन्द्रको अनुगमन गाउँपालिका एवं सरोकारवाला निकायहरुबाट हुनेछ।

च) सरकारको निति एवं निर्णयहरु परिवर्तन भएको अवस्थामा सोही अनुसार संकलन केन्द्र एवं कृषि बजार दर्ता अनुगमन तथा नविकरणको व्यवस्था गरिनेछ।

## परिच्छेद-४

## समितिको आर्थिक,प्रशासनिक र अनुगमन निरिक्षण व्यवस्था

### १०. समितिको कोष,आर्थिक प्रशासन र अनुगमन निरिक्षण व्यवस्थाः

क) समितिको एउटा छुटै कोष हुनेछ जसमा देहायका रकमहरु रहने छन र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ।

१. नेपाल सरकार (संघ,प्रदेश,स्थानिय तह) बाट समितिमा प्राप्त रकमः



तिनाउ गाउँपालिका

- चालु खर्च वापत प्राप्त रकम ।
- पुँजिगत खर्च रकम (बीउपुँजी) वापत प्राप्त रकम ।
- पुँजिगत निर्माणसुधार खर्च वापत प्राप्त रकम ।

२. सेवा सुबिधाबाट प्राप्त शुल्क र रकम ।

३. बिभिन्न व्यक्ति वा संघ,संस्थाबाट प्राप्त रकम ।

४. बिदेशी सरकार / अन्तराष्ट्रिय संघ/संस्थाबाट प्राप्त सहयोग रकम ।

५. संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम ।

६. कृषि उपज बिक्रीबाट प्राप्त रकम ।

७. अन्य स्रोतबाट प्राप्त रकम ।

ख) समितिको कोष समितिको नाममा नेपाल राष्ट्र बैंकबाट बैकिङ कारोवार गर्न मान्यताप्राप्त बित्तिय संस्थामा खाता खोली आवश्यकता अनुसारको आर्थिक कारोवार सोही खातामा जम्मा गरी गरिनेछ।

ग) कुनै पनि स्रोतबाट प्राप्त हुने रकम समितिको सोहि खाता जम्मा गरि कारोवार गरिनेछ।

घ) समितिको आर्थिक कार्य गर्दा / गराउदा नेपाल सरकारको प्रचलित ऐन, कानुन वा नियमानुसार हुनेछ। कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

ङ) समितिको खाता संचालक समितिको अध्यक्ष र ब्यवस्थापक/ सदस्य सचिब को संयुक्त दस्तखतबाट हुनेछ।

च) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

छ) समितिको बार्षिक आय व्ययको लेखाजोखा प्रत्येक बर्षको श्रावण मसान्त सम्ममा सकिसक्नु पर्नेछ र सोको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ।

ज) संस्थाको कामको अनुगमन तथा समिक्षा गरी पृष्ठपोषण प्रदान गर्न पालिका स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति बाट गरिने छ ।

झ) संकलन केन्द्रमा आएका कृषि उपज खरिद बिक्री वापतको रकम समितिको खाताबाट भुक्तानी दिनु पर्नेछ ।

**११. बीउपुँजी सम्बन्धी व्यवस्थाः**

समितिको कोषमा जम्मा हुने गरि देहाय बमोजिमको ब्यवस्था गरिने छ ।

क) गाउँपालिकाले बीउपुँजीको रुपमा गाउँ कार्यपालिकाको निर्णय अनुसार समितिलाई केही रकम उपलब्ध गराउन सक्नेछ ।

ख) समितिको बीउपुँजीको रुपमा राख्नु पर्ने रकम राख्नु पर्नेछ ।

ग) समितिमा आबद्व कृषक,समुह,सहकारीले पनि बीउपुँजी रुपमा रकम राख्न सक्नेछन ।

घ) गाउँपालिकाले दिएको बीउपुँजी आसाढ २० गते भित्र फिर्ता गर्नु पर्नेछ ।

**१२. संकलन केन्द्रको खर्च व्यवस्थापनः**

क) संकलन केन्द्र नियमित संचालनका गर्न खर्चहरु ( जस्तै कम्प्युटर, सफ्टवेयर, टेलिफोन, सटरभाडा,पानी, बिजुली, कर्मचारी तलब, भत्ता, सुबिधा, चियापान, मसलन्द तथा अन्य भैपरी खर्च आदी) तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे बाफत लाग्ने खर्च आदी समिति स्वयमले नै ब्यहोर्नु पर्नेछ। समिति पुर्णरुपमा सञ्चालन भै स्वचालित नहुदा सम्म गाउँपालिकाले संकलन केन्द्रलाई आवश्यक पुर्वाधारहरु निर्माण गरिदिनेछ।

ख) संकलन केन्द्रको संरचना बिकास एवं विशिष्ट कार्यको लागी विनियोजित रकम सोही शिर्षकमा नै खर्च गर्नु पर्नेछ।

ग) संकलन केन्द्रले आर्जन गरेको खुद आय उक्त बर्षको आम्दानीमा (कर्मचारी तलब,भत्ता,सुबिधा र अन्य व्यवस्थापन) खर्च घटाएर रहेको रकमको १५% सम्म समितिको निर्णय बमोजिम कारोवार गर्ने कृषक लाई उनिहरुको कारोवार योगदानको आधारमा प्रोत्साहन लाभांश प्रदान गर्न सक्नेछ ।

घ) आर्थिक बर्षको अन्त्यमा गरिएको लेखा परिक्षण विवरण अनुसार बर्षभरिमा प्राप्त कुल मुनाफ (संचालन खर्च, प्रोत्साहन रकम एवं पुरस्कार खर्च घटाए पश्चात बाँकी) को १५% रकम समिति वा संस्थामा बीउपुँजीको रुपमा राख्नु पर्ने छ भने कम्तिमा ५०% रकम सोही संकलन केन्द्रको बिकास निर्माणमा १५% जगेडा कोषमा र बाँकी २०% रकम अर्को बर्षको नियमित संचालन कार्यमा खर्च गर्न सक्ने गरि बिभिन्न कोषमा छुट्उनु पर्नेछ ।

## परिच्छेद-५

## कर्मचारी व्यवस्था,योग्यता तथा पारिश्रमिक सम्बन्धी ब्यवस्थाः

### १३. कर्मचारी सम्बन्धी व्यवस्थाः

क) संकलन केन्द्रको नियमित संचालन तथा ब्यवस्थापन गर्न आवश्यक पर्ने कर्मचारीको ब्यवस्था समिति आफैले गर्नु पर्नेछ। यस कार्यका लागी देहाय अनुसारको कर्मचारी रहने छन ।

- व्यवस्थापक १ जना
- बिक्रेता १ जना (आवश्यकता अनुसार)
- सहयोगी १ जना (आवश्यकता अनुसार)

ख) कर्मचारीको परिचालन र आर्थिक लगायतका सेवा सुबिधा सम्बन्धी पुर्ण दायित्व समितिमा रहनेछ ।

ग) संकलन केन्द्रको व्यवस्थापकले यस कार्यबिधि अनुरुप बार्षिक,अल्पकालिन तथा दिर्घकालिन योजना तथा कार्यक्रमहरु तर्जुमा गरी समिति मार्फत र आवश्यकता अनुसार गाउँपालिकाको सहमति तथा स्वीकृत गराई कार्यान्वयन गराउन मुख्य भुमिका खेल्नु पर्नेछ ।

घ) संकलन केन्द्र संचालन सम्बन्धी अन्य आवश्यक कार्यसम्पादन गर्ने गराउने जिम्मेवारी व्यवस्थापकको हुनेछ ।

ङ) समितिको बैठक, निर्णय, दस्तावेजिकरण आदीमा समितिको सदस्य सचिबको हैसियतले व्यवस्थापकले भुमिका निर्वाह गर्नु पर्नेछ ।

### १४. कर्मचारीको योग्यता तथा पारिश्रमिक सम्बन्धी ब्यवस्थाः

| क स | पद | योग्यता | पारिश्रमिक | |
|---|---|---|---|---|
| १ | व्यवस्थापक | न्युनतम १२ कक्षा पास कम्प्युटर सम्बन्धी आधारभुत तालिम प्राप्त नेट इन्टर चलाउन सक्ने (सफ्टवेयर) र बजार ब्यवस्थापन तथा लेखासम्बन्धी ज्ञान भएको । | नेपाल सरकारको स्थानिय सेवा सहायक पाँचौ तहको सो सरह । | |
| २ | बिक्रेता | ८ कक्षा पास | कार्यसमितिको | |

| | | | | |
|---|---|---|---|---|
| | | वजार सम्बन्धी ज्ञान भएको | निर्णय अनुसार | |
| ३ | सहयोगी | साधारण लेखपढ गर्न सक्ने | कार्यसमितिको निर्णय अनुसार | |

तिनाउ गाउँपालिका

## परिच्छेद-६

## विविध

**१५. निलम्वन र समिति भंगः**

क) समिति अध्यक्ष,उपाध्यक्ष वा सदस्यले देहायको कसुर गरेमा निजहरुलाई कसुरको आधारमा समितिले निजलाई ३(तिन) महिना सम्म वा सधैका लागी समितिले नै देहायको कसुर गरेमा गाउँपालिकाले निलम्वन गर्न सक्नेछ ।

- आर्थिक अनियमितता गरेमा ।
- पदिय दुरुपयोग गरेमा ।
- संकलन केन्द्रको सुसञ्चालन लाई दखल पुग्ने कार्य गरेमा ।
- समितिमा हरेका पदाधिकारी निस्कृय रही तोकिएको कार्य गर्न नसकेमा ।
- समितिलाई दिएको निर्देशन पालना नगरेमा ।
- गाउँपालिका र समितिको हित बिपरित कार्य गरेमा ।
- शान्ति सुरक्षामा प्रभाबित पर्ने कार्य गरेमा ।

ख) समिति अध्यक्ष,उपाध्यक्ष वा सदस्य निलम्वनमा परेको अवस्था हेरिकन एक पटकको लागि सफाइको मौका दिइनेछ ।

ग) समिति भंग भएको र नयाँ समिति गठन नभैसकेको अवस्थामा गाउँपालिकाले उपयुक्त बैकल्पिक व्यवस्था गर्न सक्नेछ।

१६. कार्यविधि संशोधनः गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ।

१७. यस कार्यविधिमा उल्लेख नभएका बिषयबस्तुहरु गाउँपालिकाको प्रचलित कानुन तथा निर्णय बमोजिम हुनेछ।

१८. बचाउः यस अगाडि संकलन केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धी भएका कामहरु यसै कार्यविधी अनुसार भएको मानिने छ।

अनुसुचि-१

मितिः२०..../......./.........
श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
तिनाउ गाउँ कार्यपालिकाको कार्यालय,
दोभान,पाल्पा ।

बिषयः .......................................संस्था दर्ता सम्बन्धमा ।

*महोदय,*

हामिले............................................. नामको कृषि उपज संकलन तथा बिक्रि केन्द्र नामक संस्था दर्ता गरी सञ्चालन गर्न भाहेकोले संस्था दर्ता गर्नका लागि देहाय बमोजिमको विवरण सहित निबेदन पेश गरेकम छौ।प्रस्तावित संस्थाको विधान तीन (३) प्रति यसैसाथ संग्लन गरिएको छ ।

विवरण

१. संस्थाको नामः

२. संस्थाको उद्देश्यः

३. समितिको सदस्यहरुः

| क्र.स | पद | नामथर | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सदस्य | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |

४. आर्थिक श्रोतः

५. कार्यालयको ठेगानाः

मितिः

निवेदकः

नामः

**अनुसुचि-२**

तिनाउ गाउँपालिका

**श्री ..................................................................................................................**
**को**

**विधान २०८१**

**प्रस्तावनाः**

पाल्पा जिल्ला तिनाउ गाउँपालिका भित्र छरिएर रहेका कृषकहरुको कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन प्रयोजनका लागी संस्था दर्ता ऐन को अधिनमा रही..
................................................... नामक संस्थाको विधान तयार पारिएको छ ।

तिनाउ गाँउपालिका

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क)यस संस्थाको नाम ..........................................
रहनेछ। अंग्रेजीमा..........................रहनेछ।

(ख)यस संस्थाको मुख्य कार्यालय पाल्पा जिल्ला तिनाउ गाउँपालिका वडा नं ................ मा रहनेछ।

आवश्यकता महशुस भएमा गाउँपालिका भित्र वा अन्य कुनै पनि स्थानमा स्थानिय अधिकारीको स्वीकृती लिएर शाखा तथा उप-शाखा समेत खोल्न तथा कार्यक्षेत्र विस्तार गर्न सकिने छ।

(ग) यो संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ।

(घ) संस्थाको अस्तित्वः

यो संस्थाको अविछिन्न उत्तररधिकारवाला संगठन स्वशासित गैर-नाफामुलक गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ। संस्थाको उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श लगायत अन्य कुनै पनि कार्य गरिने छैन।

**२. परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क)"संस्था भन्नाले "........................................................" लाई सम्झनु पर्दछ।

(ख)समिति" भन्नाले यस विधान बमोजिम गठित संस्थाको कार्यसमितिलाई सम्झनु पर्दछ।

(ग) "विधान" भन्नाले "....................................................."को विधान २०८१ लाई सम्झनु पर्दछ।

(घ) "कोष" भन्नाले "......................................................" संस्थाको कोषलाई बुझ्नुपर्दछ।

(ङ) "स्थानिय अधिकारी" भन्नाले प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(च) "स्थानिय तह" भन्नाले तिनाउ गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ)"सभा" भन्नाले विधान बमोजिम बसेको साधारण सभा तथा विशेष साधारण सभालाई सम्झनु पर्दछ।

तिनाउ गाउँपालिका

(ज) "पदाधिकारी" भन्नाले यो विधानको दफा १३ मा उल्लेखित पदाधिकारीलाई सम्झनु पर्दछ।

(झ) "ऐन" भन्नाले संस्था दर्ता ऐन लाई सम्झनु पर्दछ।

(ञ) "आर्थिक बर्ष" भन्नाले हरेक बर्षको श्रावण १ देखि अर्को अषाढ मसान्तसम्मको अबधिलाई सम्झनपर्दछ।

**३.संस्थाको छाप र चिन्हः**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुटै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ।

तिनाउ गाँउपालिका

परिच्छेद-२

**४.संस्थाको उद्देश्यः**

यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) यो संस्था मुनाफारहीत, जनहितकारी, सामाजिक संस्था हुनेछ ।

ख) पालिकाभरी छरिएर रहेका कृषक,समुह,सहकारी र कृषि फर्महरुसंग समन्वय गरी सबैलाई एकबद्ध गर्ने गराउने ।

ग) कृषकहरुलाई मल, बीउ तथा कृषकहरुबाट उत्पादित बस्तुको उचित बजारको व्यवस्थापनमा सहयोग पुर्याउने ।

घ) कृषिजन्य कार्यमा आवश्यक पर्ने प्राविधिक ज्ञानको साथै उचित सरसल्लाह समेत उपलव्ध गराई चेतनामुलक कार्यहरु संचालन गर्न सहयोग पुर्याउने ।

ङ) मौसमी र वेमौसमी तरकारी, वीउविजन उत्पादन, संकलन, वितरण तथा बजारीकरणमा सहयोग पुर्याउने ।

च) कृषकहरुलाई आधुनिक उत्पादन प्रविधि उपलव्ध गराउन सम्बन्धित निकायसंग समन्वय गरी जलवायुमैत्री बाली पात्रो विकास साथै सहयोगीको भूमिका निर्वाह गर्ने ।

छ) कृषकहरुको हितमा संघ,प्रदेश,स्थानीय तह,बिभिन्न संघ संस्था तथा निकायसंग समन्वय गरी अनुदान मुखी कार्यक्रमहरुको लागि आवश्यक पैरबी गर्ने ।

ज) कृषि बजारको सम्बन्धमा आवश्यक सुचनाहरु सर्वसाधारणको लागि सम्प्रेषण गर्ने ।

झ) बिभिन्न कृषि बजारहरुबाट कृषि उपजको बजार मुल्य जानकारी लिदै सम्बन्धित बजारमा उक्त दिनको बजारभाउ निर्धारण गर्ने ।

ञ) कृषि उपजहरुको ग्रेडिङ,प्याकेजिङ,लेवलिङ,प्रोसेसिङ, ब्राण्डिङ गरी आफ्नो छुट्टै लोगो र छाप सहित बजारमा पठाउनेछ ।

ट) बजारको बिकास,बिस्तार एवं बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने ।

ठ) कृषक समुह,सहकारी,फर्म एवं व्यापारी,उपभोक्ता लगाएत अन्य सम्बन्धित निकायलाई बजार सेवा सुबिधा उपलब्ध गराउने ।

ड) यो संस्थाले प्रचलित ऐन कानूनको अधिनमा रही आवश्यक निर्देशिका बनाई कार्यक्रमहरु लागु गर्नेछ।

ढ) यो संस्थाले प्रचलित ऐन, कानून र नीति नियमको पालना गर्ने छ ।

**५.संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कृयाकलापहरु गर्न सकिनेछ ।

(क)संस्थाले प्रचलित नेपालको कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमती वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

(ख)संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन सक्नेछ र कम्प्युटर सफ्टवेयर टेलिफोन टाइपराइटर फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्न सक्नेछ वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ती गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्न सक्नेछ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

**६. सदस्यहरुको बर्गिकरणः**

यस संस्थामा ४ प्रकारका देहाय बमोजिमका सदस्यहरु रहनेछन ।

(१) साधारण सदस्यः यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका नेपाली नागरिकले तोकेको प्रकृया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने गरी सदस्य बन्न सकिनेछ ।

(२) संस्थापक सदस्यः यस संस्था दर्ता हुँदाको बखतमा पदाधिकारीहरु यस संस्थाका संस्थापक सदस्य रहनेछन ।

(३) आजीवन सदस्यः संस्थाको बिकासको लागी विशेष सहयोग पुर्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ।

(४) मानार्थ सदस्यः संस्थाले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेबी तथा स्वदेशी वा बिदेशी नागरिकलाई कानुन बमोजिमको प्रकृया पुरा गरी संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यताः**

यस संस्थाको सदस्यताका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क)नेपाली नागरिक ।

(ख)१८ बर्ष माथीका कुनै पनि व्यक्ती ।

(ग) मगज ठिक भएको व्यक्ती ।

(घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

(ङ) तिनाउ गाउँपालिका भित्रको स्थायी बासिन्दा वा कृषक समुह, सहकारीमा आबद्धका र निजि कृषि तथा पशुपालन फर्म संचालन गरी बजारमा योगदान गरेको हुनुपर्नेछ ।

**८.सदस्यता शुल्क र सदस्यता प्रदान गर्नेविधिः**

**१) साधारण सदस्यः**

(क)साधारण सदस्यको लागी प्रबेश शुल्क रु....... । बुझाई तोकिएको प्रकृया अनुसार समितिमा लिखित निबेदन पेश गरी समितिबाट उक्त निवेदन स्वीकृत भएमा साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(ख) यो सदस्यता हरेक बर्ष नविकरणको लागी रु...... । शुल्क तिर्नु पर्नेछ ।

(ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले हरेक बर्ष अषाढ मसान्त भित्र नविकरण गरी सक्नु पर्नेछ ।

(घ) संस्था दर्ता गर्दाका बखतको तदर्थ समितिका पदाधिकारी र भेलाका सदस्यहरुले निर्धारित सदस्यता शुल्क संस्था दर्ता हुदा बखत बैक जम्मा गरेको हुनुपर्नेछ।

**२) संस्थापक सदस्यः**

(क)यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन ।

(ख)संस्थापक सदस्यहरुले शरुमा संस्था दर्ता गर्दाको बखत संस्था दर्ता भएको मितिले एक महिना भित्र एकमुष्ट रकम रु...... ..। बुझाउनु पर्नेछ ।

**३) आजिवन सदस्यः**

संस्थामा एकमुष्ट रु...........। बुझाइ तोकिएको प्रकृया अन्तर्गत आबेदन दिने व्यक्तिहरुलाई समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ ।

**४) मानार्थ सदस्यः**

साधारण सभाले निर्णय गरे अनुसार मानार्थ सदस्यता प्रदान गरिने छ तर शुल्क लाग्ने छैन ।मानार्थ सदस्यहरुलाई निर्वाचामा भाग लिन र मताधिकार रहने छैन ।

५) कुनै पनि आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सोको कारणसहित जानकारी आवेदकलाई दिनु पर्नेछ ।

६) सबै सदस्य यस विधान र विधान अन्तर्गत बनेका नियम र बिनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

७) संस्थाले प्रदान गरेको उपदफा १ २ ३ र ४ अनुसार सदस्यहरु तोकिएको ढाँचामा छुटै अभिलेख पुस्तिका रहनेछ ।

**९. संस्थाको सदस्य नियुक्ती हुन वा बहाल रहन नसक्ने अवस्थाः**

देहायका कुनै पनि व्यक्ती संस्थाको सदस्य पदमा नियुक्ती हुन सक्ने छैन ।

(क)गैर नागरिक र १८ बर्ष उमेर पुरा नभएको ।

(ख)दामासाहीमा परेको ।

(ग) मगज बिग्रेको वा बहुलाएको ।

(घ) कुनै प्रकारको चोरी ठगि किर्ते वा जालसाझी गरेको वा आफ्ना जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १ बर्ष भित्र ।

(ङ) सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।

**१०. सदस्यताको समाप्तीः**

देहायको अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।

(क)दफा ८ बमोजिम सदस्य पदमा नियुक्ती हुन नसक्ने भएमा ।

(ख)साधारण सभाको दुई तिहाई बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा ।

(ग) सदस्यले आफ्नो पदबाट राजिनामा दिएको राजिनामा स्वीकृत भएमा वा मृत्यु भएमा ।

(घ) संस्थाको काम कारबाहिमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

(च) लगातार बिना सुचना ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा ।

(छ)प्रतिनिधिको रुपमा पठाएको संस्थाले कारण खुलाई आफ्नो प्रतिनिधि फिर्ता बोलाएमा ।

तर कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सुचना दिई सबुत पेश गर्ने मौका दिनु पर्छ ।

## परिच्छेद-३

### ११. साधारण सभाको गठनः

(१) संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ ।मानार्थ सदस्यहरु आमन्त्रित हुने छैन । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(२) सदस्यहरुको प्रतिनिधित्वः कृषक समुहको हकमा १ महिला सहित २ जना र सहकारीको हकमा १ महिला सहित ३ जना प्रतिनिधि आधिकारिक रुषमा छनोट गरी निर्णय सहित पठाउएको व्यक्ति र निजि फर्मको हकमा सञ्चालक स्वयम मात्र साधारण सभाका सदस्य हुनेछन ।

(३) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) बार्षिक साधारण सभाः बर्षको एकपटक बार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभाः संस्थाको कुल सदस्यको संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेर कार्यसमितिले कम्तिमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ तर साधारण सभा वा विशेष सभा बसेर ६ (छ) महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्नेछ ।

(४) यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था दर्ता भएको आ.व समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका बार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिनेछ ।

(५) यस संस्थाको बार्षिक साधारण सभा गर्नका लागी कम्तिमा १५ दिन अगाबै र विशेष साधारण सभा गर्नको लागि कम्तिमा ७ दिन अगाबै सभा हुने ठाउँ मिति समय र छलफल गर्ने बिषय खोली सबै साधारण सदस्यलाई सुचना दिइनेछ ।

(६) उपनियम (४) बमोजिम बोलाइएको साधारण सभामा दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

(७) साधारण सभा र विशेष साधारण सभाको छुटाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

### १२. साधारण सभाको काम कर्तव्य र अधिकारः

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

(ख) लेखा परिक्षकबाट प्राप्त भएको बार्षिक लेखापरिक्षण प्रतिबेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु

माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फर्छ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगमी बर्षको लागि लेखापरिक्षकको नियुक्ती तथा पारिश्रमिक तय गर्ने ।

(घ) संस्थाको बार्षिक प्रगती विवरण र संस्थाले गरेको कार्यहरुको मुल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रकृया अन्तर्गत रही निवार्चन गर्ने ।

(च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्यसमितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहिहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृती प्रदान गर्ने ।

**१३. कार्य समितिको गठनः**

(क) साधारण सभाका सदस्यहरुबाट निर्वाचन देहाय बमोजिमका पदाधिकारीहरु सहित १३ जना सम्म भएको एक कार्यसमिति गठन गरिनेछ ।जसमा अध्यक्ष उपाध्यक्ष र अन्य सदस्यहरु निर्वाचन प्रणाली चुनिने छन भने सचिबमा व्यवस्थापक रहने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| ➢ अध्यक्ष | १ जना |
| ➢ उपाध्यक्ष | २ जना |
| ➢ सदस्य | ११ जना |
| ➢ सचिब/व्यवस्थापक | १ जना मताधिकार नहुने । |

(ख) कार्यसमितिको कार्यकाल ३ (तिन) बर्ष हुनेछ ।

(ग) तिनाउ गाउँपालिका भित्रको स्थायी बासिन्दा (कृषक,समुह,सहकारी) ले प्रतिनिधिको रुपमा पठाएको आधिकारी व्यक्ति र निजि फर्मको हकमा संचालक स्वयम मात्र साधारण सभामा भाग लिन पाउने छन ।

(घ) बार्षिक साधारण सभा हुनुभन्दा अगाबै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकि अबधिका लागि कार्यसमितिका सदस्यको नियुक्ति कार्यसमितिद्वारा गर्न

सकिने छ।कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकालसम्मको लागि जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो सो सदस्य बाँकि कार्यकालसम्मका लागि मात्र हुनेछ ।

(ङ) कार्यसमितिको बैठक महिनाको १ पटक अनिवार्य र अन्य समयमा आवश्यकता अनुसार कार्यसमितिको अध्यक्षले बोलाउने छ । जम्मा सदस्य संख्याको २५ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक बोलाउनु पर्ने छ ।

(च) कार्यसमितिको बैठकमा स्वयम् सदस्य उपस्थित हुनु पर्ने छ ।

(छ) सदस्यहरुको जम्मा संख्याको ५१ प्रतिशत सदस्यहरु जम्मा नभए कार्यसमितिको बैठक हुने छैन ।

(ज) कार्यसमितिको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ ।अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(झ) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(ञ) कार्यसमितिको बैठकमा छलफल भएको बिषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण माइन्युट छुट्टै किताबमा लेखि राखु पर्नेछ र निर्णय विवरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुको कम्तीमा ५१ प्रतिशतले दस्तखत गर्नु पर्नेछ।

(ट) संस्थाले गर्ने भनिएका सम्पुर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।कार्यसमितिले आवश्य ठानेमा संस्थाको उद्देश्य प्राप्ति एवम् सरल कार्य सम्पादन गर्नका लागि विभिन्न समिति उपसमिति गठन गर्न सक्ने छ ।सोको अनुमोदन साधारणसभाले गर्न सक्नेछ।

## १४. कार्यसमितिको काम कर्तब्य र अधिकार

(क) संस्थाको आगामी बर्षको कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा पेश गर्नु पर्ने छ।

(ख) संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

(ग) साभारण सभा प्रति उत्तरदायी रहने ।

(घ) संस्थाको उद्देश्य प्राप्तिको लागि उपलब्ध साधन र श्रोतको अधिकतम् उपयोग र प्रयोग गर्ने ।

(ङ) संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने श्रोत जुटाउने कार्यान्यन सुपरिवेक्षण र अनुगमन गर्ने ।

(च) संस्थाको कोष र सम्पती सुरक्षित तरिकाबाट राख्न लगाउने र बैक खाता खोली संचालन गर्ने ।

(छ) संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धित कर्मचारी नियमावली बनाई साधारण सभामा स्वीकृत गराई लागु गराउने ।

(ज) संस्थाको उद्देश्य परिपुर्तिका लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति उपसमिति गठन गर्ने ।

(झ) संस्थाको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्नेः**

अध्यक्षले कुनै कारण देखाई अध्यक्ष पदबाट राजीनामा दिनुपरेमा संस्थाका उपाध्यक्ष मार्फत कार्यसमितिमा र अन्य पदाधिकारी र सदस्यहरुले अध्यक्ष मार्फत राजिनामा दिई पद त्याग गर्न सकिने छ ।

**१६ :अन्य समितिहरु .**

क) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप समितिहरु गठन गर्न सक्ने छ । यसरी गठन भएका अन्य समति वा उपसमितिहरुको अन्य कार्य समितिले तोकीदिएको बमोजिम हुनेछ । तर यस्ता अन्य समिति वा उप समितिहरुको गठन कार्य समितिको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ।

ख) उप–समितिहरुको कार्यहरु कार्यसमितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद –४
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७पदाधिकारीहरुको काम ., कर्तव्य र अधिकार :**

कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**(१) अध्यक्षको काम कर्तब्य र अधिकारः**

क) संस्थाको प्रमुख व्यक्तिको रुपमा काम गर्ने ।

ख) समितिका नीति निर्णयहरुको कार्यान्वयनमा संस्थालाई नेतृत्व प्रदान गर्ने । संस्थाको विधान र नियमावलीको कार्यान्वयन गर्ने गराउने ।

ग) साधारण सभाको अधिवेशन र कार्यसमितिको अध्यक्षता गर्ने र कार्यसमिति र साधारण सभामा मत विभाजन भई बराबर भएमा निर्णायक मत दिने ।

घ) (घ) संस्थाको सर्वोच्च अधिकारीको रुपमा रही पदाधिकारीहरुको काम बाँडफाँड गर्ने र नियमित व्यवस्थित प्रभावकारी रुपमा कार्य संचालन गर्ने ।

ङ) अभिलेख प्रमाणित गर्ने ।

(२) **उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

ख) अध्यक्षले प्रत्यायोजित गरेका कामहरु गर्ने ।

ग) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

(३) सचिवको काम कर्तव्य र अधिकारः

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने

ख) अध्यक्षको निर्देशन अनुसार कार्यसमितिमा साधारण सभाको बैठक बोलाउने र सो बैठकको लागि छलफलका बिषयहरुको सुचि तयार गर्ने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) साधारण सभा तथा बैठकबाट भएका निर्णयहरु कार्यान्वन गराउने ।

ङ) संुस्थाको समग्र प्रशासनिक कार्यहरुको रेखदेख नियन्त्रण तथा निर्देशन गर्ने ।

च) मासिक त्रैमासिक र बार्षिक रुपमा सम्बन्धित निकायमा बुझाउनु पर्ने प्रतिवेदन तयार गरी बुझाउने ।

छ) कार्यसमिति र अन्य समितिहरु बिच समन्वय कायम गर्ने रसंस्थाको सम्पुर्ण प्रशासनिक तथा ब्यवस्थापक रुपमा कार्यहरु गर्ने ।

(४) **सदस्यहरुको काम कर्तव्य र अधिकारः**

क) बाँडफाँड केन्द्रिय समितिको बैठकले गर्ने छ । सदस्यहरुको कामको

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) अध्यक्षले तोके अनुसार कार्य गर्ने ।

**१८. गणपुरक संख्या :**

कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन। तर विधानको दफा ११ को उपदफा (५) मा पुनः बोलाएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत हुनु पर्ने छ ।

तिनाउ गाँउपालिका

## परिच्छेद–५
## आर्थिक व्यवस्था

**१९ . संस्थाको कोष :**

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन् ।

क) सदस्यता बाफत प्राप्त प्रबेश शुल्क र सदस्यता शुल्क रकम ।
ख) संस्थालाई सहयोग वापत दिएको रकम ।
ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य बस्तुको बिक्रिबाट प्राप्त रकम ।
घ) विदेशी संस्था व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम ।
ङ) संघ,प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोगस्वरुप प्राप्त रकम ।
च) कृषि उपज बिक्रीबाट प्राप्त रकम ।
छ) संस्थाले रचनात्मक कार्य गरि प्राप्त गरेको रकम ।

२ . विदेशी संघ संस्था व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्याण ऐन, २०४९ बमोजिम समाज कल्याण परिषदबाट पुर्व स्वीकृत लिईने छ ।

३ . संस्थामा प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बित्तिय संस्थामा खाता सञ्चालन गरी गरिने छ ।

**२० . खाता सञ्चालन :**

संस्थाको सम्पुर्ण आर्थिक कारोबार बैंकिङ पद्वतिमा हुनेछ। यसको लागि संस्थाको अध्यक्ष र सचिव (व्यवस्थापक) को संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन, नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेष्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिनेछ ।

**२१ . कोषको रकम खर्च गर्ने तरीका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरीका अपनाई खर्च गरीने छ ।

क) संस्थाको वार्षीक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट रकम खर्च गर्न सकिने छैन ।
ख) साधारण सभाबाट पारीत बजेट र कार्यक्रमको अधिनमा रहि कोषबाट रकम खर्च गर्न सकिने छ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थीक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गरीनेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकीएको कानुन बमोजिम प्रकृया पुरा गरी गर्नुपर्नेछ ।

**२२ . संस्थाको लेखा र लेखा परिक्षण :**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) संस्थाको लेखा परिक्षण प्रचलिन कानून बमोजिम रजिष्टर्ड लेखापरिक्षणबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै वखत पनि संस्थाको हिसाब किताव जाँच वा जँचाउन सक्नेछ ।

(४) लेखा परिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ती कार्य समितिबाट हुनेछ ।

(५) संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, स्थानीय तह र सम्बन्धीत निकायमा पेश गर्ने।

तिनाउ गाउँपालिका

## परिच्छेद–६

निर्वाचन अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३ . निर्वाचन सम्बन्धी व्यवस्था :**

१ . कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।

२ . निर्वाचन समितिले प्रचलीत कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्ने छ

३ . निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।

४ . निर्वाचन सम्पन्न भएको भोली पल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२४ . उम्मेदवार हुने योग्यता :**

समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुन पर्नेछ ।

क) लगातार ३ वर्ष सम्म साधरण सदस्य रहेको व्यक्ति ।

ख) उमेर १८ वर्ष पूरा भएको । (नेपाली नागरीक हुनु पर्नेछ ।

ग) तिनाउ गाउँपालिका भित्रको स्थायी बासिन्दा(कृषक,समुह,सहकारी)ले प्रतिनिधिको रुपमा पठाएको आधिकारी व्यक्ति र निजि फर्मको हकमा संचालक स्वयम हुनुपर्नेछ।

घ) नियमावलीमा तोकिए अनुसार अन्य योग्यता पुगेको व्यक्ति तर संस्थापक सदस्यहरुको हकमा यो नियम लागू हुने छैन ।

**२५. उम्मेदवार हुन अयोग्ताः**

(क)गैर नेपाली नागरिक

(ख)गैर तिनाउ नागरिक

(ग) १८ बर्ष पुरा नभएको व्यक्ति

(घ) बदमासी वा फौजदारी अभियोग लागेको व्यक्ति

**२६. अविश्वासको प्रस्ताव :**

(१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिम रितपुर्वक संस्थामा दर्ता गर्नु पर्नेछ ।

(क)नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

(ख)प्रस्तावको विषय स्पष्ट र व्यवहारीक हुनु पर्छ ।

(ग) अविश्वासको प्रस्ताव पारित गर्दा संस्थाका सम्पुर्ण मताधिकार प्राप्त सदस्यको दुई तिहाईले प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

(२) उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभामा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ बमोजिम साधारण सभामा वा विशेष साधारण सभा बस्नेछ।

(३) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप–दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमती दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

क) उप–दफा ३ बमोजिम अविश्वासको प्रस्ताव (क), पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ख) उप–दफा बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद (१)अविश्वास प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

## ४ . अविश्वासको प्रस्ताव माथी निर्णयः

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर निर्णय प्रक्रियामा समेल गराउने ।

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२ . साधारण सभाको कुल सदस्य संख्याको दुईतिहाई बहुमतले अविश्वासको प्रस्ताव पारीत हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३ . निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**२७. विधान संशोधन सम्बन्धी व्यवस्था :**

क) यस विधानलाई संशोधन गर्ने अधिकार साधारण सभालाई मात्र हुनेछ ।

ख) विधान संशोधन सम्बन्धी प्रस्ताव कार्यसमितिले आफ्नो सिफारिस सहित साधारण सभामा पेश गर्नुपर्नेछ।

ग) कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृती भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२८. नियम बनाउन सक्ने :**

१ . संस्थाको आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानिय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२ . यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२९. कर्मचारीको व्यवस्था :**

क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकीए बमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन र कार्यान्वयन गर्न विदेशी सल्लाकार वा स्वयं सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पु¥याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानिय अधिकारी, जिल्ला समन्वय समिति, स्थानीय तह समेत जानकारी गराइने छ ।

**३०. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था :**

यस संस्थाको कुनै पनि पदाधिकारीहरुको अधिकार अर्को सदस्य वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३१. व्याख्याको अधिकारः**

यस विनियमको व्याख्याको अधिकार संस्थाको साधारण सभालाई हुनेछ ।

**३२. संस्थाको विघटनः**

संस्था विधान बमोजिम सञ्चालन हुन नसके वा अन्य कुनै कारणले संस्था विघटन गर्नुपर्ने भएमा संस्थाको सम्पुर्ण जायजेथा नेपाल सरकारमा जानेछ । कुनै कारणबस संस्था बिघटन भई खारेज भएमा संस्थाको दायित्व छुट्याई बाँकी रहने सम्पुर्ण जायजेथा नेपाल सरकारमा जानेछ ।

**३३. बचाउः**

(क) यस विधानमा जे सकै कुरा लेखिएको भएतापनि प्रचलित कानुनसँग बझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय भएको मानिनेछ ।

(ख) यस संस्थालाई गाउँपालिकाले आवश्यक निर्देशन दिन सक्ने छ र सो निर्देशनलाई पालना गर्न संस्थाको कर्तव्य हुनेछ ।

३४. हामि "..................................................................." को संस्थापक सदस्यहरुले उल्लेखित विधान अनुसार कार्य गर्नेछौं भनी तपशिलका साक्षीहरुको रोहवरमा सहीछाप गरि दियौं ।

| क्र.स | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

अनुसुचि-२

( नमुना विधान)

संस्थाको छापको नमुना यस प्रकार छ ।

कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि २०८१ को

तिनाउ गाँउपालिका

अनुसुचि-३

तिनाउ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

***संस्था दर्ता प्रमाण-पत्र***

पाल्पा जिल्ला तिनाउ गाउँपालिका वडा नं. .......स्थित............................ मा "कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि २०८१" को दफा ३ (क) बमोजिम गठन भएको श्री................................................................ संस्थालाई यस कार्यालयमा मिति............../........../......... मा दर्ता गरी ***प्रमाण-पत्र*** प्रदान गरिएको छ ।

गाउँपालिकाको आर्थिक,सामाजिक,साँस्कृतिक तथा भौतिक पुर्वाधार बिकास र सुशासन कायम गर्ने क्षेत्रमा यस संस्थाको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

प्रमाणित मिति २०८१।०५।०६

लेख बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

तिनाउ गाउँपालिका दोभान पाल्पा

तिनाउ गाउँपालिका